# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, वैशाख २२ गते २०४९ साल (संख्या ४

## भाग ३

श्री ५ को सरकार

### भूमि सुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

उखडा सम्बन्धी ऐन, २०२१ को दफा ८ (क) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त उपदफा (१) अन्तर्गत निवेदन दिने म्याद २०५० साल वैशाख मसान्तसम्म तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

उखडा सम्बन्धी ऐन, २०२१ को दफा ८ (क) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त उपदफा (३) अन्तर्गत पुनरावेदन दिने म्याद २०५० साल वैशाख मसान्तसम्म तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
सूर्यनाथ सुवेदी<br>
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं, बौद्ध स्थित स्रोङ्चान भृकुटी सामाजिक तथा साँस्कृतिक उत्थान संघले भारतको टाटा कम्पनीबाट खरिद गरी आयात गर्ने भा.रू. ३,८२,५९३।– (अक्षरेपी तीन लाख बयासी हजार पाँचसय त्रीयानब्बे) मूल्य बराबरको एक (१) थान एम्बुलेन्समा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले प्रहरी ऐन, २०१२ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सबै जिल्लाहरूमा देहाय बमोजिमको जिल्ला प्रहरी विशेष अदालतको गठन गरेको छ ।

१. जिल्ला न्यायाधिवक्ता – अध्यक्ष
२. प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय – सदस्य
३. प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय – सदस्य

आज्ञाले,
महेश्वर शर्मा
सह-सचिव

१०५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।